**आकाशवाणी समाचार- नेपाली**

मितिः २५ मार्च २०२६

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- मुख्यमंत्री ममता ब्यानर्जीले आज जलपाईगुड़ी जिल्लाको मैनागुडी अनि डाभग्राम फूलबाडीमा दिउँसो चुनावी रैलीलाई सम्बोधित गर्नु हुनेछ।
- राज्यसभा सांसद हर्ष वर्धन श्रृंगलाले संसदमा दार्जीलिङ्ग हिमालयन रेलवेको संरक्षणका लागि तत्काल र निरन्तर हस्तक्षेपको माग गर्नुभएको छ।
- सर्वोच्च न्यायालयले भनेको छ- स्थायी कमीशनबाट वंचित महिला, शॉर्ट सर्विस कमीशन अधिकारीहरुले पेंशनको लाभ पाउनेछन्।
- सर्वोच्च न्यायालयले मुख्यमन्त्री ममता बनर्जी लगायत अन्य याचिकाकर्ताहरूलाई राज्यमा जारी मतदाता सूचीको विशेष गहन पुनरीक्षणको सम्बन्धमा आफ्नो गुनासो लिएर कलकत्ता उच्च न्यायालयका मुख्य न्यायाधीशसित संपर्क गर्न भनेको छ।
- दार्जिलिंग कालेबुंग खर्साङ्ग सिलगढी लगायत पश्चिम बंगाल तथा देशका विभिन्न राज्यहरूमा आज छठ पूजा उदाउँदै गरेको सूर्य भगवानलाई अर्घका साथ सम्पन्न भएकोछ।

**मुख्यमंत्री उत्तर बंगाल चुनाव प्रचार**

टीएमसी अध्यक्षा तथा मुख्यमंत्री ममता ब्यानर्जीले आज जलपाईगुड़ी जिल्लाको मैनागुडी अनि डाभग्राम फूलबाडीमा दिउँसो चुनावी रैलीलाई सम्बोधित गर्नु हुनेछ। त्यसपछि साँझ दार्जिलिंग जिल्ला अन्तर्गत नक्सलबाड़ीमा चुनावी रैलीलाई सम्बोधित गर्नु हुनेछ।

हिजो जलपाईगुड़ीको चालसामा एक चुनावी जनसभालाई सम्बोधित गर्दै सुश्री ममता ब्यानर्जीले भाजपा तथा चुनाव आयोग माथि कडा प्रहार गर्दै भन्नु भयो - राज्यमा लाखौं मतदाताको नाम सूचिबाट हटाइएर राज्यमाथि चुनाव आयोगको माध्यमले भाजपाले कब्जा गर्न खोज्दैछ। चुनाव आयोग भाजपाको बी-टीम हो भनि आरोप लगाउनु भयो।

उहाँले त्यहाँको सेन्ट लुकस चर्चमा प्रार्थना गरि राज्यमा पार्टीको चुनाव प्रचारको शुभारम्भ गर्नु भयो। मुख्यमंत्रीलाई चर्चका पादरी-सिस्टरहरू तथा ठूलो संख्यामा इसाई समूदायले पारम्परिक परिधानमा आदिवासी गाजाबाजा नृत्यका साथ स्वागत गरेका थिए।

**नितिन नवीन बंगाल भ्रमण**

भारतीय जनता पार्टीले आगामी राज्य चुनाव र संगठनको सुदृढीकरणलाई ध्यानमा राख्दै बृहत् जनसम्पर्क अभियानको रूपरेखा तयार पारेको छ।बीजेपी राष्ट्रिय अध्यक्ष नितिन नवीनले 'गाउँ/बस्ती चलो अभियान' अन्तर्गत पार्टीका सबै ठूला नेताहरूलाई 7 अप्रैल देखि 12 अप्रैल सम्म मैदानमा उत्रन निर्देश दिनु भएको छन्।हिजो कोलकाता, हावडा, हुगली विभागका कार्यकर्ताहरुलाई सम्बोधन गर्दै उहाँले यी निर्देशहरू दिनु भयो।उहाँले आज नवद्वीप विभागका कार्यकर्ताहरुका साथ बैठक गर्नुहुनेछ। श्री नवीन दुई

दिवसीय पश्चिम बंगाल भ्रमणमा हुनुहुन्छ।

**पश्चिम बंगाल-चुनाव**

पश्चिम बंगालमा विधानसभा चुनावलाई स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण सञ्चालन सुनिश्चित गर्न, केन्द्रीय सशस्त्र पुलिस बल (CAPF), अन्य राज्यका सशस्त्र बल र भारतीय रिजर्भ बटालियनका लगभग एक हजार 9 सय 20 कम्पनीहरू चरणबद्ध रूपमा तैनाथ गरिनेछ।यसमा, CAPF का 300 कम्पनीहरू 31 मार्च सम्ममा आइपुग्ने छ। यसअघि, मतदाताहरूको विश्वास बढाउन र कानून व्यवस्था कायम राख्न राज्यमा 480 कम्पनीहरू तैनाथ भइसकेका छन्।मुख्य चुनाव अधिकारी -सीईओ मनोज कुमार अग्रवालको अध्यक्षतामा हिजो भएको संयुक्त बल तैनाथी समितिको बैठकपछि तैनाथीको अन्तिम रूपरेखा तयार पारिएको छ। सीईओको कार्यालयबाट जारी प्रेस विज्ञप्ति अनुसार, कोलकातामा सबैभन्दा बढ़ी 60 कम्पनी र पूर्वी मेदिनीपुरमा 48 कम्पनीहरू तैनाथ गरिनेछन्।बिधाननगर पुलिस आयुक्त कार्यालयलाई सबैभन्दा कम 11 कम्पनी प्राप्त हुनेछ। बैठकमा विशेष पुलिस पर्यवेक्षक एन.के. मिश्रा र राज्य पुलिस नोडल अधिकारी एडीजी आनंद कुमार उपस्थित थिए। यस अतिरिक्त, सीईओ कार्यालयले आवश्यक सेवाहरुमा लागेका अनुपस्थित मतदाताहरुका लागि फॉर्मको वितरण सम्बन्धमा विभागीय नोडल अधिकारीहरुका  साथ एक समन्वय बैठक आयोजित गर्यो।

**हर्ष वर्धन श्रृंगला**

सांसद हर्ष वर्धन श्रृंगलाले संसदमा गहिरो सांस्कृतिक तथा क्षेत्रीय महत्वको विषय उठाउँदै दार्जीलिङ्ग हिमालयन रेलवेको संरक्षणका लागि तत्काल र निरन्तर हस्तक्षेपको माग गर्नुभएको छ। यो भारतको प्रतिष्ठित सम्पदा सम्पत्ति साथै यूनेस्को विश्व सम्पदा स्थल हो उहाँले भन्नुभयो।

***टोय ट्रेनको ऐतिहासिक र भावनात्मक महत्व बारे उल्लेख गर्दै श्री श्रृंगलाले भन्नुभयो यो ट्रेनले 140 वर्षदेखि New जलपाइगुडीदेखि दार्जिलिङ्गलाई जोड्दै आएको छ, यो ट्रेन पहाडको परिचयको प्रतीक हो र विश्व पर्यटनको प्रमुख आकर्षण  पनि हो। उहाँले भन्नुभयो यसको  यति ठूलो इतिहास रहे बापत रेलवे सञ्चालन र संरचनागत चुनौतीहरूको कारण यसको अस्तित्वलाई खतरा पुऱ्याइरहेको छ।रेल करिडोरको सङ्कुचनप्रति ध्यानाकर्षण गर्दै उहाँले अतिक्रमण र पूर्वाधार दबावले सुरक्षा र दक्षता प्रभावित भएको बतुनुभयो। पहिरो र भारी वर्षाले बाटोमा क्षति पुऱ्याउने र सेवा बन्द गर्ने समस्या बढेका  कुरोको पनि उल्लेख गर्ननुभयो। पुरानो स्टीम इन्जिनहरूको विशेष मर्मत र लगानीको आवश्यकता भएको बताउँदै छुटपुट प्रयासले यो सम्भव हुन  सक्दैन भन्नुभयो।"विकास पनि, विरासत पनि" को दृष्टिकोणलाई उल्लेख गर्दै उहाँले विकास र सम्पदा संरक्षण एकसाथ हुनुपर्ने जोड दिनुभयो। दार्जीलिङ्ग हिमालयन रेलवे यस सन्तुलनको जीवन्त उदाहरण हो र संरक्षित तथा अगाडि बढ्ने दृष्टिकोणको नितान्त आवश्यकता भएको बतुनुभएको छ।***

**सर्वोच्च न्यायालय स्थायी कमीशन**

सर्वोच्च न्यायालयले भनेको छ मनमानी मूल्याङ्कन प्रक्रियाका कारण स्थायी कमीशनबाट वञ्चित गरेका सेना, नौसेना र वायुसेनामा शॉर्ट सर्विस कमीशन प्राप्त महिला अधिकारीहरू,अब पूर्ण पेन्सन लाभको हकदार हुनेछन्।न्यायालयले भनेको छ, पीठले यी अधिकारीहरूले पेन्सन पात्रताका लागि आवश्यक 20 वर्षको सेवा पूरा गरेको होस चाहे  पहिले नै अवकाश लिएको भए पनि पात्र मानिने छ।न्यायालयको यो निर्णय विंग कमांडर सुचेता एडनको याचिका सहित कैयन याचिकाहरुको सुनवाईको क्रममा आएको हो।

**सर्वोच्च न्यायालय-पश्चिम बंगाल सूचना परिषद**

सर्वोच्च न्यायालयले हिजो मुख्यमन्त्री ममता बनर्जी लगायत याचिकाकर्ताहरूलाई पश्चिम बंगालमा जारी मतदाता सूचीको विशेष गहन पुनरीक्षणको सम्बन्धमा आफ्नो गुनासो लिएर कलकत्ता उच्च न्यायालयका मुख्य न्यायाधीशसित संपर्क गर्न भनेको छ।मुख्य न्यायाधीश सूर्य कान्त र न्यायमूर्ति जयमाल्या बागचीको पीठले यो राज्य बाहेक देशभरि प्रक्रिया सहज रूपमा सम्पन्न भएको बताएको छ।कैयन याचिकाहरूको सुनुवाइ गर्दै, पीठले उठाइएका धैरै मुद्दाहरू प्रशासनिक प्रकृतिका रहेका र कलकत्ता उच्च न्यायालयले समाधान गर्नुपर्ने बताएको छ।न्यायालयले मतदाता सूची फ्रिज गर्ने समय-सीमा बढाउन माग गरिएका याचिकाहरूको पनि ध्यान दिईएको छ र यसमाथि विचार गर्न सक्ने बताएको छ।

**छठ पूजा**

दार्जिलिंग कालेबुंग खर्साङ्ग सिलगढी लगाय पश्चिम बंगाल तथा देशका विभिन्न राज्यहरूमा आज छठ पूजा उदाउँदै गरेको सूर्य भगवानलाई अर्घका साथ सम्पन्न भएकोछ। देश-विदेशमा लोक आस्थाको चार दिने छठ महापर्व  आज बिहान छठ व्रतिहरूले उदाउँदै गरेको सूर्य भगवानलाई दुध र जलको अर्घ्य चढाएर व्रत खोले। यस छठ व्रतको मान्यता अनुसार सूर्योदयको बेला अर्घ्य दिनाले घरमा  सुख-समृद्धि, सौभाग्य, संतान प्राप्तिको मनोकामना र संतानको रक्षाको वरदान प्राप्त हुन्छ।महापर्व छठको चार दिने अनुष्ठान मंगलवारको दिन नहाय-खायको साथ आरंभ भएको थियो।

****** ० ******